# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## (शिक्षा, युवा तथा खेलकूद शाखा)
## आठविसकोट, रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४८५८३१३८
९८६८२९४३९०

Website:
www.aathbiskotmun.gov.np


पत्र संख्याः २०७७/०७८ (शिक्षा शाखा)
चलानी नम्बर : ४८६

मितिः २०७७/०६/०५

विषयः- सिकाइ सहजीकरण सम्बन्धि विद्यालयहरुलाई निर्देशन ।

श्री सामुदायिक /संस्थागत विद्यालयहरु (सबै)
आठविसकोट नगरपालिका, रुकुम (पश्चिम) ।

प्रस्तुत विषयमा यस आठविसकोट नगरपालिका, नगरकार्यपालिकाको मिति २०७७/०६/०४ को निर्णयानुसार हाल यस नगरपालिका भित्र सञ्चालित सामुदायिक र संस्थागत विद्यालयहरु प्रत्यक्ष रुपमा पठनपाठन हुने वातावरण सृजना भई नसकेकोले विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका,२०७७ को प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने भएको हुँदा तपसिल अनुसार गर्न गराउनु हुन अनुरोध छ ।

तपसिल

१. सम्पूर्ण शिक्षकहरु विद्यालयमा सुचना प्रकाशन भएको मितिले ५(पाँच) दिन भित्र अनिवार्य उपस्थित रहने,
२. विद्यालयको हाता नियमित सरसफाई राख्ने र स्वास्थ्य सुरक्षाका सम्पूर्ण मापदण्ड अवलम्बन गर्ने,
३. आवश्यकता अनुसार सिकाइ केन्द्रहरु स्थापना र सञ्चालन गर्ने तथा बाल विकास केन्द्रका लागि होम स्कुलिङ कार्यक्रम सञ्चालन गर्ने,अभिभावकसँग परामर्श गर्ने,
४. सिकाइ सहजीकरण कार्ययोजना मिति २०७७/०६/१५ सम्म तयार गरी नगरपालिकामा पेश गर्ने,
५. विषयगत शिक्षकले समायोजित पाठ्यवस्तुको आधारमा सिकाइ सहजीकरण गर्ने,
६. सिकाइ सहजीकरण कार्यक्रम सञ्चालन गर्दा साप्ताहिक वा मासिक समय तालिका प्रकाशन गर्ने,
७. नयाँ भर्नाको IEMIS Update गर्ने,
८. शिक्षकले सिकाइ सहजीकरण सम्बन्धि कार्य साप्ताहिक कार्य प्रगति प्रधानाध्यापकसँग पेश गर्ने,
९. प्रधानाध्यापकले सिकाइ सहजीकरण सम्बन्धि कार्यको प्रगति वि.व्य.स.मा समिक्षा गराई नगरपालिकामा पेश गर्ने,
१०. सिकाइको मूल्याङ्कन अभिलेखीकरण र नतिजा प्रकाशन अभ्यास पुस्तिका र समायोजित पाठ्यवस्तुका आधारमा गर्ने,
११. करार स्वयंसेवक शिक्षकको पुनः करार नियुक्तिको लागि व्यक्तिगत निवेदन र कार्यपालिकाबाट स्वीकृत ढाँचाको कार्यसम्पादन मूल्याङ्कन फारम भरी मिति२०७७/०६/२० गते भित्र नगरपालिकामा बुझाउने ( कार्यसम्पादन मूल्याङ्कन फारम यसै पत्रमा संलग्न गरिएको छ),
१२. अन्य व्यवस्था विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका,२०७७ अनुसार गर्ने ।

२०७७/०६/०५

इन्द्र बहादुर विष्ट
शिक्षा अधिकृत

बोधार्थ

श्री १४ वटै वडा कार्यालय, आठविसकोट नगरपालिका रुकुम (पश्चिम) । (आवश्ययक सहजीकरण गरिदिनुहुन)

# करार स्वयंसेवक शिक्षकको कार्य सम्पादन मूल्याङ्कन फारम, २०७७

कार्यरत विद्यालयः

कार्यरत शिक्षकको नामः

शिक्षकको स्थायी ठेगानाः

अध्यापन गरेको तहः नियुक्ति मितिः

विषयः मोबाइल नं.

शैक्षिक सत्रः २०७६

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | प्रधानाध्यापक/वि.व्य.स. अध्यक्ष | | | | | शिक्षा युवा तथा खेलकुद शाखा | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अतिउत्तम(५) | उत्तम(४) | मध्यम(३) | सामान्य(२) | न्यून(१) | अतिउत्तम(५) | उत्तम(४) | मध्यम(३) | सामान्य(२) | न्यून(१) |
| १ | सम्वन्धित विषयमा विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धि | | | | | | | | | | |
| २ | नियमितता (उपस्थिति) | | | | | | | | | | |
| ३ | विषयवस्तुको ज्ञान | | | | | | | | | | |
| ४ | शिक्षक पेशा प्रतिको निष्ठा, लगनशिलता र आचारसंहिताको पालना | | | | | | | | | | |
| ५ | विद्यालयको शैक्षिक गुणस्तर प्रति देखाउने तदारुकता, उत्तरदायित्व वहनको जिम्मेवारी | | | | | | | | | | |
| ६ | अध्यापन विधि र सीपको प्रयोग | | | | | | | | | | |
| ७ | विद्यालय समय, कक्षाकोठा समयको पालना, सदुपयोग तथा कक्षा व्यवस्थापन र सञ्चालन | | | | | | | | | | |
| ८ | अतिरिक्त क्रियाकलाप प्रति सक्रियता एंव संलग्नता | | | | | | | | | | |
| ९ | शैक्षिक सामग्री संकलन, निर्माण र प्रयोग | | | | | | | | | | |
| १० | विद्यार्थीको प्रगतिको अध्यावधिक अभिलेख राख्ने र अभिभावकलाइ जानकारी गराउने | | | | | | | | | | |
| प्रत्येक महलको जम्मा अंक | | | | | | | | | | | |
| प्र.अ.को जम्मा अंकः | | | | शाखाको जम्मा अंकः | | | | कुल जम्मा अंकः | | | |

**मूल्याङ्कनका मापदण्डः** ८०-१००% अतिउत्तम ६०-७९% उत्तम ४०-५९ मध्यम

२०-३९ सामान्य २० भन्दा कम- न्यून

पुनश्चः विद्यालय र शिक्षा युवा तथा खेलकूद शाखाले गरेको मूल्याङ्कनमा ४०% भन्दा कम अंक प्राप्त गर्ने शिक्षकलाई पुनः नियुक्त गरिने छैन ।

| प्रधानाध्यापकको नामः | वि.व्य.स.अध्यक्षको नामः | शिक्षा परीक्षकको नामः | शिक्षा अधिकृतको नामः |
|---|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखतः | दस्तखतः |
| मितिः | मितिः | मितिः | मितिः |

विद्यालयको छापः